आज मिति २०८० साल जेठ महिनाको ३२ गते बिहीबारको दिन बिहान ८:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा आ.ब.०७९/०८० को तेहौं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिती**

| क.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री प्रचण्ड मान सिहँ बस्नेत (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शैलेश मान मानन्धर (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री योश कुमार वाईबा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री इश्वरी खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री भानु विश्वकर्मा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री प्रकाश विशुंके | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री विद्यालक्ष्मी श्रेष्ठ | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी पौड्याल | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री सुमित्रा विष्ट के.सी. | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री सुरेश बस्याल | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री मधु अर्याल खनाल | सचिव | |

**सचिवालय कर्मचारी :-**

१. श्री दिपक कुमार के.सी. (सुचना अधिकारी, वरिष्ठ शाखा अधिकृत)
२. श्री गणेश गुरुङ (वरिष्ठ लेखा अधिकृत)
३. श्री ननिता खत्री (कानुनी सहजकर्ता)

मिति २०८०/०२/३१ गते नगर प्रमुखज्यूबाट मिति २०८०/०२/३२ गते आ.ब.०७९/०८० को नगर कार्यपालिकाको तेह्रौं बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | निर्णय भएको व्यहोरा |
|---|---|---|
| १. | प्राकृतिक श्रोतको आय ठेक्का सम्बन्धमा । | • यस नगरपालिकाको आ.ब.२०८०/०८१ को लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २(घ) को ६ मा व्यवस्था भए अनुसार यस नगर क्षेत्र भित्र पर्ने निर्माणमूखी कच्चा पदार्थ (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल र माटो) लगायतका प्राकृतिक स्रोत ढुवानी गर्ने सवारी साधनबाट शुल्क/दस्तुर उठाउने तथा बागमती प्रदेश, आर्थिक ऐन २०७९ बमोजिम हुने गरि यस नगरपालिका क्षेत्रभित्र पर्ने ढुङ्गा, गिट्टी, ग्रावेल, बालुवा र माटो लगाएतको प्राकृतिक स्रोतको संकलन तथा बिक्री गर्ने कार्यको आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त बोलपत्रको माध्यमबाट गर्नको लागी स्थानीय राजश्व परामर्श समितिको मिति २०८०/०२/०४ गतेको सिफारिस बमोजिम यस नगरपालिका भित्रको स्वीकृत खानी लगाएत अन्य स्रोतबाट उत्खनन् हुने ढुङ्गा, गिट्टी, ग्रावेल र बालुवा लगाएतको साधारण निर्माणमुखी खनिज पदार्थको प्रति घन फिट रु.९।- र माटोको प्रति घन फिट रु.३।५० का दरले जम्मा न्यूनतम अंक रु.३,२०,६५,०००।- (तिन करोड बिस लाख पैसठ्ठी हजार रुपैयाँ) (कर बाहेक) कायम गरी आन्तरिक आय संकलन ठेक्काको सुचना प्रकाशन गर्ने । |
| २. | दुरसञ्चारको केबल Underground गर्ने सम्बन्धमा । | • नेपाल टेलिकमको च.नं.१९६७, मिति २०८०/०२/२५ गतेको पत्रबाट अनुरोध भै आए बमोजिम फर्पिङ बजार क्षेत्र, डोल्लु र गोपालेश्वर क्षेत्रमा गर्न लागेको Horizontal Directional Drilling प्रविधिबाट Docting and hand hold Chamber सम्बन्धी कार्य गर्दा सम्बन्धीत वडा कार्यालसँग सम्वय गर्ने र कार्य सम्पन्न पश्चात् सडकलाई यथास्थितिमा निर्माण गर्ने गरी स्वीकृती दिने । |
| ३. | न्यायिक समितिको निर्णय कार्यान्वयन सम्बन्धमा । | • आ.ब.०७७/०७८ मा धमिरे खोला जलविद्युत आयोजनाको लागि वैकल्पिक उर्जा प्रवर्द्धन सम्बन्धमा न्यायिक समितिको च.नं.१५, मिति २०७९/१२/२९ गतेको पत्रसाथ प्राप्त न्यायिक समितिको मिति २०७९/१२/२७ गतेको निर्णयानुसार देहायका तिन वटा विकल्प पेश गरिएको ।<br>१. पहिलो किस्ता भुक्तानी गरेर बाँकी रहेको मौज्दात रकम रु.१२,५५,०००।- वैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रलाई नै फिर्ता गरिदिने र उपभोक्ता समितिले लिन बाँकी रकम उक्त केन्द्रबाट नै भुक्तानी लिने ।<br>२. वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको प्राविधिक टोलिले गरेको मुल्याङ्कन बमोजिम भुक्तानी दिने ।<br>३. नगरपालिकाको प्राविधिकले गरेको मुल्याङ्कन तथा कार्य सम्पन्न प्रतिवेदन बमोजिम भुक्तानी गरिदिने ।<br>माथि उल्लेखित विकल्पहरु मध्ये कानूनी आधार बमोजिम एउटा मात्र निर्णय गरि पठाईदिनु हुन न्यायिक समितिलाई अनुरोध गर्ने र न्यायिक समितिबाट भएको निर्णय बमोजिम कार्यान्वयन गर्ने । |

मधु अर्याल
प्रमुख प्रशासकीय अधिकृत